तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

३ नं. प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशित मितिः- २०७५/०४/२१

(दीक्षण राष्ट्रिय दैनिक)

## आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धि संशोधित सूचना, मिति २०७५/०५/०५

यस गाउँपालिकाको आन्तरिक आय संकलनको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धको दीक्षण राष्ट्रिय दैनिकमा मिति २०७५/०४/२१ मा प्रकाशित सूचनामा गिट्टी, वालुवा, रोडा, लोहोरे ढुङ्गा आदि उत्खनन् तथा निकासि गर्ने सम्बन्धमा ३ (तिन वटा) क्षेत्रको ठेक्का बन्दोवस्त गर्ने सूचना प्रकाशन गरिएकोमा देहाय बमोजिम कायम हुने गरि सच्याईएको व्यहोरा सरोकारवालाहरु सबैमा सूचित गरिन्छ ।

देहाय बमोजिम कायम भएको आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने गरि बोलपत्र विक्रि शुरु हुने मिति, समय, बोलपत्र विक्रि हुने अन्तिम मिति र समय लगायतका अन्य व्यवस्था यथावत कायम गरिएको व्यहोरा समेत सरोकारवालाहरु सबैमा सूचित गरिन्छ । यसै संशोधित सूचनालाई आधार मानी कायम भएको ठेक्का बन्दोवस्त सम्बन्धि व्यवस्था बमोजिम गर्नुहुन अनुरोध छ ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का रकम (मु.अ.कर वाहेक) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | आ.आ. १-२०७५/०७६ | बालुवा, गिटी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा करः- तामाकोशी नदिको वायाँ पट्टि रहेको गोपिखोला, तथा तामाकोशी क्षेत्र (u/s point 27⁰36'42.08"N, 86⁰4'31.83" E and d/s point 27⁰36'43.19" N, 86⁰4'42.03" E) भई, व्यक्तिगत जग्गाबाट उत्खनन् गरि व्यवसायिक प्रयोजनको लागि ओसारपसार गरिने समेत | १,५९,८६,०००।- (एक करोड उनान्साठी लाख छ्यासी हजार रुपैया मात्र ।) | ५०००।- |
| २ | | बालुवा, गिटी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा करः- तामाकोशी नदिको वायाँ पट्टि रहेको ढोलीखोला क्षेत्र Site 7a (u/s point 27⁰34'32.79"N, 86⁰5'4.39" E and d/s point 27⁰34'20.65" N, 86⁰5'5.75" E), Site 7b (u/s point 27⁰34'19.53"N, 86⁰5'7.07" E to d/s point 27⁰34'14.36" N, 86⁰5'2.18" E) र Site 7c (u/s point 27⁰34'11.62"N, 86⁰5'1.25" E to d/s point 27⁰34'00.91" N, 86⁰5'00.78" E) भई व्यक्तिगत जग्गाबाट उत्खनन् गरि व्यवसायिक प्रयोजनको लागि ओसारपसार गरिने समेत, | | |
| | | जम्मा | १,५९,८६,०००।- | |

तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

३ नं. प्रदेश, नेपाल

१. **बोलपत्र विक्रि शुरू हुने मिति र समय:-** मिति २०७५/०४/२१ गते देखि कार्यालय समय भित्र ।
२. **बोलपत्र विक्रि हुने अन्तिम मिति र समय:-** मिति २०७५/०५/१८ गते कार्यालय समय भित्र ।
३. **बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय:-** मिति २०७५/०५/१९ गते दिनको १२:०० बजे सम्म ।
४. बोलपत्र विक्रि हुने र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।
५. **बोलपत्र खरिद गर्ने र दाखिला गर्ने स्थान:-** तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, जफे, दोलखा ।
६. **बोलपत्र खोलिने स्थान, मिति र समय:-** तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, जफे दोलखामा बोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिउँसोको २:०० बजे ।
७. यस ठेक्का सम्बन्धमा विस्तृत जानकारीका लागि तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, जफे, दोलखा र यस कार्यालयको website:– www.tamakoshimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## ठेक्काका शर्तहरु:

१. बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । न्यूनतम ठेक्का अङ्क भन्दा घटी अङ्क कबोल गरी पेश गरिएको बोलपत्र स्वीकृत गरिने छैन ।
२. बोलपत्र पेश गर्दा दायाँ भागमा कार्यालयको नाम ठेगाना र बाँया भागमा बोलपत्र दाताको नाम, ठेगाना, ठेक्का नं. र विषय स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३. बोलपत्र स्वीकृत भएमा सो को सूचना दिईनेछ । सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र कबोल अङ्कको कम्तिमा २० प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चरिकोटमा रहेको खाता नं. १३००३०००००००४००१०१३ मा जम्मा गरेको सक्कल भौचर र बाँकी कबोल अङ्को ८० प्रतिशतको लागि यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकले जारी गरेको मिति २०७६ असार मसान्तसम्म म्याद भएको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) सक्कल प्रति पेश भएपछि प्रचलित कानून बमोजिम पट्टा उपलब्ध गराईने छ ।

४. उक्त बाँकी ८० प्रतिशत रकमलाई १०० प्रतिशत मानी ५० प्रतिशतले हुन आउने रकम २०७५ मंसिर मसान्तसम्ममा र बाँकी ५० प्रतिशतले हुन आउने रकम २०७५ बैशाख मसान्तसम्म बुझाई सक्नु पर्नेछ । तोकिएको म्याद भित्र किस्ता नबुझाएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) बाट असुली गरिनेछ ।
५. तोकिएको म्याद भित्र प्रक्रिया पुरा गरी पट्टा लिन नआएमा बोलपत्रदाताबाट राखिएको धरौटी जफत हुनेछ ।

६. बालुवा, गिट्टि, रोडा, ढुंगा, ग्राभेल, तथा लोहोरे ढुंगा विक्री बापत प्रति घन मिटर रु.१६०/-( नियमानुसार मु.अ.कर थप गरी) का दरले उठाउन पाइनेछ। बालुवा, गिट्टी, रोडा, ढुंगा, ग्राभेल तथा लोहोरे ढुंगा जिल्ला वाहिर निकासी भएमा निकासी कर वापत प्रति घन मिटर थप रु. ५५/- (मु.अ.कर थप गर्न पाइने छैन) का दरले लिन पाइनेछ।

७. आय कर, मूल्य अभिवृद्धि कर लगायत अन्य करहरु उपरोक्त ठेक्का अङ्कमा समावेश नभएकोले उक्त करहरु सम्बन्धित ऐन बमोजिम ठेकेदार स्वयंले अलग्गै तोकिएको प्रक्रिया र अवधिमा दाखिला गरी सो को जानकारी यस कार्यालयलाई दिनु पर्नेछ। बालुवा, गिट्टी, रोडा, ढुंगा, ग्राभेल, तथा लोहोरे ढुंगा विक्रिको लागि मु.अ.कर विजक जारी सम्बन्धमा मू.अ.कर ऐन, नियमावलीमा उल्लेखित प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

८. वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहोरे ढुंगा नागरिकको घर, जग्गा, कुलो, बाँध, भवन, सडक लगायत अन्य सार्वजनिक पूर्वाधार र वन आदिलाई क्षती हुने गरी वातावरणीय दृष्टिकोणले संवेदनशिल क्षेत्रमा निकाल्न पाइने छैन । वालुवा, गिट्टी, रोडा, रोडा, ग्राभेल, लोहरे ढुंगा तथा उत्खनन् गर्दा तामाकोशी नदीबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्यका लागि साविक जिल्ला विकास समितिको कार्यालय दोलखाबाट २ वर्षको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन-२०७४ मा भएको व्यवस्थाको अनिवार्य पालन गर्नुपर्नेछ । उक्त प्रतिवेदनमा उल्लेखित व्यवस्थाहरुको पालन गराउने सम्बन्धमा तामाकोशी गाउँ कार्यपालिकाको कार्यालयलाई सहयोग गर्नुपर्नेछ।

९. संकलन तथा उत्खनन् गर्दा ठेक्का शिर्षक अनुसार तोकिएको क्षेत्रको साविक जिल्ला विकास समितिको कार्यालय, दोलखाबाट २ वर्षको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७४ तोकेको स्थानबाट मात्र निकाल्नु पर्नेछ।

१०. ठेक्का नं. आ.आ. १-२०७५/०७६ बालुवा, गिट्टी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा कर गोपीखोला र ढोलीखोला क्षेत्रमा तामाकोशी नदिको बाँया र सो क्षेत्र भई व्यक्तिगत जग्गाबाट संकलन उत्खनन् गरि व्यवसायिक प्रयोजनको लागि ओसारपसार गरिने समेत क्रमश: १५००० र ८४९१२.५ गरी कुल जम्मा ९९,९१२.५ घन मिटरसम्म मात्र संकलन तथा उत्खनन् गर्न पाईनेछ। प्रत्येक क्षेत्र अर्न्तगतको तामाकोशी नदिबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र वालुवा संकलन तथा उत्खनन् कार्यका लागि साविक जिल्ला विकास समितिको कार्यालय, दोलखाबाट २ वर्षको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०७४ बमोजिम स्थलगत परिमाण पट्टामा उपलब्ध गराइने छ ।

११. तामाकोशी गाउँपालिका, स्तरिय अनुगमन समिति र प्राविधिक उप-समितिले वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहरे ढुङ्गा संकलन तथा उत्खनन् लगायत समग्र प्रक्रियाको अनुगमन गर्दा ठेकेदारले आवश्यक विवरण सहित सहयोग गर्नुपर्नेछ। गाउँ कार्यपालिका र अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्नेछ।

१२. संकलन/उत्खनन् कार्य सुर्योदय देखि सुर्यास्तसम्मको अवधिमा मात्र गर्नु पर्नेछ ।

१३. यस ठेक्का लिएको कारणबाट वनभित्रबाट कुनै किसिमको वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहरे ढुङ्गा निकासा गर्न पाइने छैन ।

१४. ठेकदार र गाउँ कार्यपालिका विच ठेक्का सर्त वा ठेक्का संचालन सम्बन्धि अन्य विषयमा कुनै विवाद उठेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । समय समयमा नेपाल सरकारबाट हुने निर्देशन पालना गर्नुपर्नेछ ।

१५. वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहरे ढुङ्गा निकासा गर्ने बाटोको सामान्य मर्मतको व्यवस्था ठेकेदार स्वयम्ले गर्नु पर्नेछ । सो वापत खर्चको दावी गर्न पाईने छैन ।

१६. यस तामाकोशी गाउँपालिकामा वक्यौता तिर्न बाँकी रहेका व्यक्ति, फर्म वा कम्पनिले पुरानो बाँकी चुक्ता नगर्दासम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

१७. एक स्थानीय तहमा कर दस्तुर बुझाइसकेको प्रमाण पेश गरेमा पुनः कर लिन पाइने छैन ।

१८. कुनै बन्द हडताल, नाकाबन्दि, चक्का जाम वा यस्तै अन्य कारणबाट कुनै बस्तु निकासी नभएको, अन्य कुनै कारणबाट घाटा भएको भनि कवोल अङ्कमा कुनै छुट पाइने छैन ।

१९. ठेक्का कवोल गर्ने ठेकेदारले गाउँ कार्यपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद वा विल वा विजक ठेकेदारले आफ्नै तर्फबाट छपाई प्रयोग गर्नु पर्नेछ । यसरी ठेकेदारले कर दस्तुर असुल गरेको रसिद, विल, वा विजकको र वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहरे ढुङ्गा संकलन तथा उत्खनन्को परिमाण विवरण प्रत्येक ३/३ महिनामा यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२०. ठेक्का लिने ठेकेदारले विक्रि वा निकासी करको दर रेट र ठेकेदारको परिचय सहितका साइन वोर्ड सम्बन्धित घाट/संकलन केन्द्रमा राख्नु पर्नेछ ।

२१. लोकमार्गहरुमा तगारो राखि कर असुल गर्न पाइने छैन ।

२२. यस ठेक्का सम्बन्धमा थप जानकारीका लागि तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, जफे, दोलखामा सर्म्पक राख्न सकिने छ ।

२३. बोलपत्र फाराम साथ लिन पाउने कर, दस्तुरको दर रेटका साथै ठेक्काका सर्तहरु उपलब्ध गराइने छ ।

२४. यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

३ नं. प्रदेश, नेपाल

# <u>B.O.Q</u>

| क.सं. | स्थान | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| १ | गोपीखोला तथा तामाकोशी क्षेत्र | घ.मि. | १५००० | |
| २ | ढोलीखोला क्षेत्र | | | |
| | Site 7a | घ.मि. | ३१३५० | |
| | Site 7b | घ.मि. | ४४००० | |
| | Site 7c | घ.मि. | ९५६२.५ | |
| | **जम्मा** | घ.मि. | ८४९१२.५ | |
| | | **कुल जम्मा** | ९९९१२.५।– | |